जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १६७ २०७८ साल माघ १८ गते मंगलबार (1 Feb. 2022 Tuesday) मूल्य रु. ५/-

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरिक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : यौनिक तथा लैङ्गिक... ३ पृष्ठमा : भ्रष्टाचारको आरोप लागेका ... ३ पृष्ठमा :भारतमा कोरोना भाइरसबाट...

# शिक्षण संस्थाहरु माघ मसान्तसम्म भौतिक रुपमा सञ्चालन नगर्न आदेश




**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्लाको शिक्षण संस्थाहरु माघ मसान्तसम्म भौतिक रुपमा सञ्चालन नगर्न आदेश जारी भएको छ ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमद्वारा सोमबार जारि आदेशमा शैक्षिक क्रियाकलाप भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरु अपनाएर सञ्चालन गर्न भनिएको छ ।

आदेशअनुसार विद्यालय, विश्वविद्यालय, कलेज, ट्युशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा माघ मसान्तसम्म भौतिक रुपमा उपस्थितिमा सञ्चालन नगर्ने भनिएको छ ।

त्यस्तै, सबै खाले परीक्षाहरु सञ्चालन गर्दा जनस्वास्थ्यका मापदण्ड पालन गरी सञ्चालन गर्न भनेको छ ।

त्यस्तै, सिनेमा हल, डान्स बार, दोहोरी नाच घर, क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य प्रकारका कार्यक्रम पनि माघ मसान्तसम्म सञ्चालन नगर्न आदेशमा उल्लेख छ ।

यसअघि सोही आदेश जिल्ला प्रशासन कार्यालयले गत फागुन ३० गते पनि जारि गरेको थियो । तर, उक्त आदेशको उल्लंघन गरिएको व्यापक जनगुनासो पश्चात् पुनः सोमबार प्रशासन कार्यालयले उक्त आदेशलाई नै जारि गर्न बाध्य भएको हो ।

## थप एक संक्रमितको मृत्यु, संक्रमितको संख्या ३ सय ६२

**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

सप्तरीका एक कोरोना संक्रमित बृद्धको उपचारका क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा राजविराज नगरपालिका १५ का सीताराम यादव छन् । योसँगै सप्तरीमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या चार पुगेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# निर्वाचनको मिति चाँडो घोषणा गर्न अनेरास्ववियुको माग



**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन सप्तरीले संविधान र लोकतन्त्रको रक्षाका लागि स्थानीय तहको निर्वाचन मिति चाँडो घोषणा गर्न माग गरेको छ ।

अनेरास्ववियुका जिल्ला अध्यक्ष ललितनारायण रजकको नेतृत्वमा गएको एक टोलीले सोमबार सो माग राख्दै जिल्ला प्रशासन कार्यालय सप्तरी मार्फत प्रधानमन्त्रीको कार्यालयलाई उक्त ज्ञापन पत्र बुझाएको छ ।

ज्ञापनपत्रमा आम नागरिकको सेवासुविधासँग सरोकार रहेको स्थानीय तहको कार्यकाल सकिनै लाग्दासमेत सरकारले निर्वाचन मिति घोषणा नगरेकोप्रति ध्यानाकर्षण गराइएको छ । सोही ज्ञापन पत्रमा नेपालको संविधानअनुसार आगामी २०७९ जेठ ५ गते स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल समाप्त हुने र सो समय अगावै स्थानीय तहको निर्वाचन हुन नसके जनप्रतिनिधिको रिक्तता हुने चिन्ता व्यक्त गरिएको छ ।

संविधानको धारा, २१५ र २१६ ले गाउँ/नगरपालिकाको अध्यक्षा/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष र सदस्यहरूको प्रत्यक्ष निर्वाचन हुने र निर्वाचित मितिले पाँच वर्ष पुगेकै मितिमा पदमुक्त हुने व्यवस्था गरेको छ । धारा, २१४ ले स्थानीय तहको सञ्चालन, स्थानीय कार्यकारीबाट हुने व्यवस्था गरेको ज्ञापनपत्रमा उल्लेख छ ।

*बाँकी तीन पृष्ठमा*

## आवश्यक्ता

उपरोक्त सम्बन्धमा यस संघको कार्यसमितिको मिति २०७८/१०/१४ गतेको निर्णयानुसार यस संघमा देहायमा उल्लेखित पदहरु अस्थायी पदपूर्ती गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित विवरणसहित तोकिएको समय भित्र आवेदन दिन यो विज्ञापन प्रकाशित गरिएको छ ।

**१. विज्ञापन नं. ०१/२०७८/७९ लेखा अधिकृत (पद १ (एक)**
शैक्षिक योग्यता १. बिबिए उत्तिर्ण र कम्प्युटर सम्बन्धी अनुभव (एक्सल, एमएस वर्ड, पावर प्वाइन्ट र टेली जानकारी भएको)
२. नेपाली नागरिक
३. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्ने ।
४. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको हुनुपर्ने ।
५. अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।

**२. विज्ञापन नं. ०२/२०७८/७९ लेखापाल (पद १ (एक)**
शैक्षिक योग्यता १. प्रमाणपत्र तह उत्तिर्ण (प्लस २ व्यवस्थापन) गरेको र कम्प्युटर सम्बन्धी अनुभव (एक्सल, एमएस वर्ड, पावर प्वाइन्ट र टेली जानकारी भएको)
२. नेपाली नागरिक
३. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्ने ।
४. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको हुनुपर्ने ।
५. अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।
६. महिलालाई ग्राहयता दिइने छ ।

**३. विज्ञापन नं. ०३/२०७८/७९ कार्यालय सहायक (पद २ (दुई)**
शैक्षिक योग्यता १. एसएलसी/एसइई उत्तिर्ण गरेको र कम्प्युटर सम्बन्धी अनुभव
२. नेपाली नागरिक
३. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्ने ।
४. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको हुनुपर्ने ।
५. अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।
६. महिलालाई ग्राहयता दिइने छ ।

४. आवेदन दस्तुर रु. १०००/- (रु. एक हजार मात्र)
५. आवेदन दिने स्थान र समय : सप्तरी उद्योग बाणिज्य संघ, राजविराजको सचिवालयमा, विदा दिन बाहेक बिहान १०:०० बजेदेखी ५:०० बजेसम्म
६. आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु
(क) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
(ग) अनुभव प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(घ) पासपोर्ट साइजको फोटो २ (दुई) प्रति
(ङ अतिरिक्त शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(च) आवेदन दस्तुर बुझाएको एक प्रति रसिद
७. आवेदन फर्म रु. ५०/- तिरी संघको सचिवालयबाट प्राप्त गर्न सकिने छ ।
८. दरखास्त दिने अन्तिम मिति : २०७८/१०/२९ गते कार्यालय समय सम्म ।
९. सम्पर्क मिति : २०७८/११/०५ गते दिउँसो १२:०० बजेदेखी ५:०० बजेसम्म ।
१०. परिक्षाको किसिम : मौखिक, अन्तरवार्ता
११. अन्तरवार्ताको समय सम्पर्क मितिमा तोकिने छ ।
१२. तलब : आपसि सहमतिमा

**पदपूर्ती समिति**
**सप्तरी उद्योग बाणिज्य संघ, राजविराज**

## सम्पादकीय

# विद्यालय संचालक गम्भिर हुनु आवश्यक

कोरोना महामारीका कारण नेपालमा संक्रमित हुनेको संख्या दिनहुँ बृद्धि भइरहेको छ । यस्तो अवस्थामा अहिले पनि मानिसहरु यस महामारीप्रति गम्भिर बन्न सकिरहेका छैनन् । मानिसहरु स्वास्थ्य मापदण्डको पालना गर्नमा हेलचक्राई गरिरहेका छन् । यस रोगबाट बच्न एक मात्र उत्तम उपाय सामाजिक दुरी कायम, मास्कको प्रयोग तथा हात साबुन पानीले धुने वा सेनिटाइजरको प्रयोग गर्नु हो । तर यस्ता स्वास्थ्य मापदण्ड प्रयोग भएको देखिन्न् ।

यसैबीच सरकारले विद्यालयका बालबालिकालाई समेत कोरोना बिरुद्धको खोप लगाउने कार्य सुरु गरेको छ । विद्यार्थी बाहेक अन्य उमेर समूहका व्यक्तिहरुलाई कोभिड बिरुद्धको खोप लगाउने कार्यले निरन्तरता पाइरहेको छ । विद्यालय संचालकहरुले महामारीप्रति गम्भिर नबनेर विद्यालय खोल्न हतार गरिरहेको देखिन्छन् । यद्दपी सरकारले माघ मसान्तसम्म कुनै पनि विद्यालयमा भौतिक रुपमा उपस्थिति नगराउन निर्देशन समेत दिएको छ । यो निर्देशनलाई वेवास्ता गर्दै विद्यालय संचालकहरुले विद्यालय संचालन गर्नेतर्फ अग्रसर भइरहेका छन् । सप्तरीको परिवेसमा पनि यस्तै भइरहेको देखिन्छ । कोरोनाको कहरलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालयले पुनः आदेश गर्दै माघ मसान्तसम्म विद्यालय नखोल्न भनेको छ ।

कुनै पनि सरकारी आदेशलाई अटेर गर्दै उसको विपरीत जानु कतैव सकारात्मक होइन् । उक्त निर्देशन, आदेश वा आग्रहलाई पालना गर्नु नै अहिलेको समयमा उत्तम मान्नुपर्दछ । तसर्थ कोरोना महामारीलाई हल्का रुपमा नलिई गम्भिर रुपमा लिएर विद्यालय संचालन अझ केही दिन संचालन नर्गुन नै वेश हुनेछ । यसका लागि सम्पूर्ण विद्यालय संचालक तथा अभिभावक गम्भिर रुपमा प्रस्तुत हुनु अहिलेको आवश्यक रहेको छ ।

# यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय भन्दछन् : ‘अझै समानता पाइएन’

काठमाडौँ, १७ माघ (रासस) ।

नेपाल परिवार नियोजन सङ्घले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका समानताका लागि विशेष गरी वैवाहिक समानता (समलिङ्गी विवाह), पहिचान तथा नागरिकता विषयलाई सम्बोधन गर्नुपर्नेमा जोड दिएको छ ।

यसका लागि सङ्घले ‘विज्ञ कार्य समूह’ (थिङ्क टचाङ्क) गठन गरी निरन्तर पैरवी गर्न सुरुआतसमेत गरेको छ । गत पुसमा गठित सो समूहमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका अधिकारका क्षेत्रका निरन्तर वकालत तथा पैरवी गर्दै आएका विभिन्न सङ्घ/संस्था तथा विशेषज्ञको संलग्न छन् ।

अन्तर्राष्ट्रिय परिवार नियोजन महासङ्घको आर्थिक एवं प्राविधिक सहयोगमा सङ्घद्वारा काभ्रेपलाल्चोकको धुलिखेलमा आयोजित ‘नेपालमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका समनताका लागि पैरवी विषयक कार्यशाला’मा सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका समानताका लागि राज्यले विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्न जोड दिइयो । दिगो विकास लक्ष्यका शिक्षा, स्वास्थ्य, खानेपानी, ऊर्जालगायत १७ सूचाङ्क हासिल गर्न नेपालसामु धेरै चुनौती छन् ।

कार्यक्रममा सहभागी ‘थिङ्क टचाङ्क’का सदस्यले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका समानताका लागि तीनै तहका सरकार, नीति निर्माता, राजनीतिक दल तथा नागरिक समाजले प्राथमिकता दिन नसकेकामा चिन्ता व्यक्त गर्दै आगामी दिनमा समानताका लागि निरन्तर पैरवीको खाँचो औँल्याएका थिए । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका पहिचानलाई स्थापित गर्न, उनीहरुलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीमा आरक्षणको व्यवस्था मिलाउन, वैवाहिक समानता (समलिङ्गी विवाह) लाई मान्यता दिन, सदनमा विचाराधीन नागरिकतासम्बन्धी विधेयकलाई संशोधन गरी पारित गर्न सहभागीले जोड दिएका थिए ।

**‘हर्मोन क्लिनिक’ सञ्चालनको तयारी**

सङ्घका अध्यक्ष हिमालयलाल कसजुले सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता दिलाउन सङ्घले अगुवाइ गरेको चर्चा गर्दै आगामी दिनमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका समानताका लागि निरन्तर पैरवी गर्ने जानकारी दिनुभयो । विसं २०५९ मा सुरक्षित गर्भपतन सेवालाई पहिलोपटक कानुनी मान्यता प्रदान गरिएको थियो । यसपछि सुरक्षित गर्भपतनसम्बन्धी राष्ट्रिय नीति २०६० कार्यान्वयनमा आएको थियो भने यही नीतिका आधारमा विसं २०७३ देखि स्वास्थ्य मन्त्रालयद्वारा सूचीकृत सस्थामा सो सेवा निःशुल्क प्रदान गरिँदै आएको छ ।

यसैगरी सङ्घले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, नियमावली २०७७ र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ जारी गराउन सरकारलाई सहयोग गरेको थियो ।

सङ्घका व्यवस्थापक डा नरेशप्रताप केसीले विशेष गरी यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि ‘हर्मनन क्लिनिक’ सेवा सञ्चालन गर्ने प्रयास गरिने जानकारी दिँदै यसबाट विशेष गरी ‘हर्मोन चेन्ज’ गर्नेका लागि सहयोग पुग्ने बताउनुभयो । सङ्घका कार्यक्रम व्यवस्थापन सुवासचन्द्र श्रेष्ठले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका समानताका लागि निरन्तर पैरवी गर्ने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “कोभिड-१९ महामारी, प्राकृतिक विपद्का अवस्थामा पनि यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा निरन्तर जारी रह्यो ।” सन् २०२० मा ३३ लाख ६० हजार सेवाग्राहीलाई सङ्घले आफ्ना क्लिनिकमार्फत यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा प्रदान गरेको जनाइएको छ ।

सङ्घका काठमाडौँ उपत्यका शाखाका वरिष्ठ कार्यक्रम संयोजक शरद अर्यालले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका समनताका लागि विशेष गरी वैवाहिक समानता, पहिचान तथा नागरिकताका मुद्दालाई उठान गर्न आवश्यक रहेको सुझाव दिनुभयो । उहाँले भन्नुभयो, “यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका यौन तथा प्रजनन अधिकारका क्षेत्रमा सङ्घले निरन्तर पैरवी जारी राखेको छ ।”

वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा स्मिता कर्माचार्यले ‘हर्मोन चेन्ज’बाट उत्पन्न हुने समस्या र तिनका समाधानका उपायका बारेमा जानकारी दिनुभएको थियो । तथ्याङ्क विभागका निर्देशक ढुण्डीराज लामिछानेले जनगणनामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका यकिन तथ्याङ्क आउन नसक्ने जानकारी दिँदै यसका लागि अलग राष्ट्रिय सर्वेक्षणको आवश्यकता औँल्याउनुभयो । उहाँका अनुसार विसं २०७८ को जनगणनामा ‘अन्य लिङ्गी’का रुपमा गणना गरिएको थियो । विसं २०६८ जनगणनामा सो समुदायको सङ्ख्या ८०० रहेको उल्लेख छ ।

**‘संविधान सजावट गर्ने वस्तु होइन, कार्यान्वयन हुनुपर्छ’**

सर्वोच्च अदालतका वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका नागरिकता, पहिचान र विवाहका विषयमा सर्वोच्च अदालतका आदेश फैसला कार्यान्वयनको खाँचो औँल्याउनुभयो । उहाँले भन्नुभयो, “संविधानको भावनाअनुसार यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिलाई शिक्षा, स्वास्थ्य र रोजगारीका लागि विशेष व्यवस्था गर्नुपर्छ । यसले मात्र सामाजिक विविधता बलियो बनाउँदछ ।” यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका हकअधिकारका क्षेत्रमा लामो समयदेखि निरन्तर पैरवी एवं वकालत गर्दै आउनुभएका मनिषा ढकालले कार्यक्रमको सहजीकरण गर्दै विविध कारणले पछाडि पारिएको यौनिक तथा लैङ्गिक समुदायलाई एकजुट भई आफ्नो अधिकारका लागि खुलेर अगाडि आउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “संविधान प्रदत्त अधिकार प्राप्त गर्नु नैसर्गिक अधिकार हो, यौनिक तथा लैङ्गिक समुदायको पहिचान, विवाह तथा नागरिकताका लागि सवालमा थप पैरवी आवश्यक छ । ”

ब्लु डाइमण्ड सोसाइटी पूर्वअध्यक्ष भूमिका श्रेष्ठले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायक यकिन तथ्याङ्कका लागि सर्वेक्षण आवश्यक रहेकामा जोड दिँदै वैवाहिक समानता, पहिचान तथा नागरिकता उपाध्यक्ष विषयमा सरकारको ध्यान जानुपर्छ भन्नुभयो ।

कार्यक्रममा सोसाइटीका उमिशा पाण्डेले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका संविधान प्रदत्त अधिकार हनन भइराखेको छ भन्नुभयो । उहाँले भन्नुभयो, “यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका अधिकार स्थापित गर्न वैवाहिक समानता, पहिचान तथा नागरिकता पाउनुपर्छ ।” कार्यक्रममा दैलेखको गुराँस नगरपालिकाले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका लागि पनि सामाजिक भत्ता वितरण सुरु गरेको जानकारी दिइएको थियो । दिगो विकासका लागि राष्ट्रिय अभियानका दयासागर श्रेष्ठले नेपालले दिगो विकासका लक्ष्य हासिल गर्न धेरै चुनौती रहेको बताउनुभयो ।



**बिरोधको नयाँ स्वरुप बैलगाडा जुलुस :** डा. सिके राउत नेतृत्वको जनमत पार्टीले विगत एक महिना भन्दा बढी समयदेखी किसानहरुलाई मलखादको व्यवस्था, किसानहरुका लागि पेन्सनको व्यवस्था लगायत ११ बुँदे माग राख्दै आन्दोलनरत छ । सोही आन्दोलनका क्रममा सोमबार सप्तरीको राजगढ गाउँपालिका ४ बेल्ही चपेनामा जनमत पार्टीका वडा संयोजक शिवकान्त मण्डलको नेतृत्वमा उक्त माँग राख्दै निकालिएको बैलगाडा जुलुस ।

*तस्बिर : बिरेन्द्र मण्डल/राजविराज दैनिक*


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# भ्रष्टाचारको आरोप लागेका उद्योगीको बचाउमा व्यवसायीका तीन संगठन

काठमाडौँ, १७ माघ (रासस)।

तोकिएको क्षमताभन्दा बढी खानी प्रयोग गरेका सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दाको विपक्षमा उद्योगी व्यवसायीका तीनवटा सङ्गठनले गुनासो गरेका छन्।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सका तर्फबाट सोमबार संयुक्त विज्ञप्ति प्रकाशित गरी कोभिड-१९ महामारीबाट विस्तारै तङ्गिन खोजिरहेको निजी क्षेत्रमाथि विभिन्न क्षेत्रबाट निरन्तर प्रहार भइरहेको बताएका छन्। उनीहरूले नेपालमा लगानी प्रवर्द्धन, रोजगारी सिर्जना र समग्र अर्थतन्त्रको विकास एवं विस्तारमा नकारात्मक प्रभाव पर्नेमा निजी क्षेत्र गम्भीर चिन्ता व्यक्त गरेका छन्।

आयात प्रतिस्थापनमा नमूनाका रूपमा हेर्न सकिने एवं लगानी अभिवृद्धि, रोजगारी सिर्जना र राजस्वमा महत्वपूर्ण योगदान दिइरहेको सिमेन्ट उद्योगका लगानीकर्तामाथि पछिल्लोपटक लगाइएको भ्रष्टाचार मुद्दाले निजी क्षेत्रलाई हतोत्साही बनाएको उनीहरूको दाबी छ।

आर्थिक वर्ष २०७२/७३ मा रु ११ अर्ब ७० करोड, आव २०७३/७४ मा रु २६ अर्ब १० करोड र आव २०७४/७५ मा रु ३१ अर्ब ७० करोड बराबरको सिमेन्ट क्लिङ्कर आयात भएको अवस्थामा अहिले नेपाल सिमेन्टमा आत्मनिर्भर भएको उनीहरूको भनाइ छ।

नेपालमा विदेशी विनिमय सञ्चिति र भुक्तानी सन्तुलनमा समेत सिमेन्ट उद्योगले महत्वपूर्ण योगदान दिएको भन्दै उनीहरूले सरकारबाट नीतिगत सहजीकरण भएको अवस्थामा निर्यातको उच्च सम्भावना रहेको सिमेन्ट उद्योगलाई प्रताडित गरिनु दुर्भाग्यपूर्ण रहेको स्पष्ट पारेका छन्।

सिमेन्ट उद्योगहरूले स्वदेशी कच्चापदार्थको प्रयोग गर्दै ८० प्रतिशतसम्म मूल्य अभिवृद्धि गर्दै आइरहेको तथा सिमेन्टको मुख्य कच्चापदार्थ चुनढुङ्गा उत्खननका लागि उद्योगले लिएको माइनिङ स्किमभित्र रहेर उत्खनन गरेको अवस्थामा खानी विभागबाट पटकपटक अध्ययन समिति गठन गरी प्रतिवेदन तयार गर्ने र कैफियतअनुसार जरिवाना लगाउने काम भएको स्मरण गरेका छन्।

क्षतिपूर्ति असुलीका अन्य विकल्प एवं कानुनी बाटो अवलम्बन गर्नुको सट्टा सिधै मुद्दामा जानु निजी क्षेत्रलाई निस्तेज पार्ने प्रयास भएको तथा कानुनी स्पष्टताको अभाव रहेको अवस्थामा व्यवसायीलाई भ्रष्टाचारजन्य आरोपमा कसुरदार ठहर गर्ने परिपाटीले नेपालमा लगानी निरुत्साहित हुने उनीहरूको जिकिर छ। यसरी विज्ञप्ति जारी गर्नेमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छा, नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल हुनुहुन्छ।

# सप्तरीसहित १२ जिल्लाका प्रहरी प्रमुखसँग जिल्लाको शान्तिसुरक्षा र कोभिडबारे गृहमन्त्रीद्वारा चासो

काठमाडौँ, १७ माघ (रासस)।

गृहमन्त्री बालकृष्ण खाँणले जिल्लामा शान्ति सुरक्षाको अवस्था, प्रहरीमा कोभिड-१९ को प्रभाव र प्रहरीको रासनबारे १२ जिल्लाका प्रहरी प्रमुखसँग टेलिफोन वार्ता गर्नुभएको छ।

गृहमन्त्री खाँणले झापा, इलाम, पाँचथर, ताप्लेजुङ, धनुषा, सप्तरी, सिराहा, सर्लाही, अछाम, पर्सा, मकवानपुर र रौतहटका प्रहरी प्रमुखसँग टेलिफोन वार्ता गरी जिल्लाको वस्तुस्थितिबारे जानकारी लिनुभएको हो। उहाँले मुख्यगरी प्रहरीमा र समग्र जिल्लामा कोभिड-१९ को प्रभाव, शीतलहर र हिमपातको अवस्था, जिल्लामा सुरक्षा स्थिति, प्रहरीलाई सरकारले उपलब्ध गराउने रासन भत्ता वितरणबारेमा जानकारी लिनुएको प्रहरी प्रमुखले जानकारी दिनुभएको छ।

सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अर्जुन तिमिल्सिनाले मन्त्री खाँणले जिल्लामा शान्ति सुरक्षाको अवस्था, प्रहरीको रासन भत्ता शीतलहरको प्रभाव र न्यानो कपडा वितरणबारे जानकारी लिएको बताउनुभयो।

सप्तरीका प्रहरी प्रमुख अविनारायण काफ्लेले जिल्लामा शान्ति सुरक्षाको अवस्थाबारे गृहमन्त्रीले जानकारी लिनुभएको बताउनुभयो। "जिल्लामा शान्ति सुरक्षाको अवस्था, कोभिड-१९ को अवस्था र प्रहरीको रासन भत्ताबारे मन्त्रीले जानकारी लिनुभयो", उपरीक्षक काफ्लेले भन्नुभयो।

# निर्वाचनको मिति घोषणा गर्न माग

काठमाडौँ, १७ माघ (रासस)।

लोकतान्त्रिक राष्ट्रिय अपाङ्ग सङ्गठन नेपालले स्थानीय तहको निर्वाचन मिति चाँडो घोषणा गर्न माग गरेको छ।

सो सङ्गठनका महासचिव जगदीशप्रसाद अधिकारीले आज विज्ञप्ति जारी गरी संविधान र लोकतन्त्रको रक्षाका लागि आमनागरिकको सेवा सुविधासँग सरोकार रहेको स्थानीय तहको कार्यकाल सकिनै लाग्दासमेत सरकारले निर्वाचन मिति घोषणा नगरेकोप्रति ध्यानाकर्षण गराउनुभएको हो। नेपालको संविधानअनुसार आगामी २०७९ जेठ ५ गते स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल समाप्त हुने र सो समय अगावै स्थानीय तहको निर्वाचन हुन नसके जनप्रतिनिधिको रिक्तता हुनेप्रति चिन्ता व्यक्त भइरहेको छ। सो सङ्गठनले स्थानीय तह निर्वाचन ऐन, २०७३ मा अपाङ्गता सवाललाई समावेश हुने गरी संशोधन गर्न पनि माग गरेको छ।

## *निर्वाचनको मिति ...*

तत्काल स्थानिय तहको निर्वाचनको मिति घोषणा गरेर समयमै निष्पक्ष निर्वाचन गराउन सोही ज्ञापनपत्रमा माग समेत गरिएको छ। साथै ज्ञापनपत्रमा निर्वाचनको मिति नतोकिए लोकतन्त्र बचाउने लडाईमा पुनः एकपटक सडकमा उतार्न बाध्य हुने तथा उत्पन्न हुने परिस्थितको जिम्मेवार परमादेशबाट बनेको वर्तमान सत्ता गठबन्धन हुने चेतावनी समेत दिइएको छ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले सम्बन्धीत निकायमा यथासिघ्र पठाउने जानकारी दिए।




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


# विश्व समाचार

## भारतमा कोरोना भाइरसबाट दुई लाख संक्रमित

नयाँदिल्ली, १७ माघ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसका कारण थप दुई लाखभन्दा बढी सङ्क्रमित भएका छन्। सरकारी अधिकारीहरूले सोमबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा दुई लाख नौ हजार ९१८ नयाँ सङ्क्रमित भएका हुन्।

सङ्घीय स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो एक दिनमा दुई लाख ६२ हजार ६२८ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यस अवधिमा नयाँ सङ्क्रमित भन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो।

मन्त्रालयले १८ लाख ३१ हजार २६८ जना अहिले पनि सङ्क्रमितावस्थामै रहेको जनाएको छ। भारतमा कोरोना भाइरसबाट अहिलेसम्म चार करोड १३ लाख दुई हजार ४४० सङ्क्रमित भएका छन्।

पछिल्लो एक दिनमा भारतमा ९५९ जनाको कारोना भाइरसका कारण मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ। यससँगै कुल मृतकको सङ्ख्या चार लाख ९५ हजार ५० पुगेको छ।

## युएइमा गरेको मिसाइल हमलाको हुथीद्वारा जिम्मेवारी

साना, १७ माघ (रासस/सिन्ह्वा)।

यमनका हुथी विद्रोहीहरुले युनाइटेड अरब इमिरेट्स, युएइमा गरेको मिसाइल हमलाको जिम्मेवारी लिएको छ।

हालैमात्र यमनको युएइको सीमा क्षेत्रनजिकै मिसाइल हमला भएको थियो। हुथी विद्रोहीहरुले सञ्चालन गरिरहेको अल मासिराहा टेलिभिजनमार्फत् उनीहरुले सो हमलाको जिम्मेवारी लिएका हुन्।

आइतबार मध्यराति सो टिभीमार्फत् हुथी विद्रोहीका एकजना कमाण्डरले उक्त क्षेत्रमा गरेको हमलामा आफूहरु जिम्मेवार रहेको बताएका हुन्।

## नाइजेरियामा अज्ञात बन्दुकधारीद्वारा एघारको हत्या

लागोस, १७ माघ (रासस/सिन्ह्वा)।

उत्तरी नाइजेरियाको कादुना भन्ने राज्यमा अज्ञात बन्दुकधारीले कम्तीमा पनि ११ जना सर्वसाधारण नागरिकको हत्या गरेका बताइएको छ। सो राज्यमा विगतदेखि नै यस्ता हिंसात्मक हमलाहरु हुने गरेको छ। सो हमलामा परी हप्तैपिच्छे नागरिकको ज्यान जाने गरेको छ।

आइतबार बिहानीपख ती अज्ञात बन्दुकधारीहरुले कादुनाको जाको काताफ गाउँमा पुगेर अन्धाधुन्ध गोली प्रहार गरेका थिए।

गोली लागेर सो गाउँका ११ जनाको घटनास्थलमै ज्यान गएको थियो भने अरु छ जना गम्भीर रुपमा घाइते भएका छन्। उनीहरुले यस गाउँका कम्तीमा पनि ३६ ओटा घरमा पनि आगजनी गरेका छन्। ती घरमा उनीहरुले आगो लगाइदिएका बताइएको छ।

प्रहरी निकै बेरपछि घटनास्थलमा पुगेको र त्यहाँ घाइते भएकाहरुलाई अस्पताल पुर्‍याएको थियो। सो हमला कसले र किन गरेको हो भन्ने बारेमा पत्ता लागेको छैन। यस विषयमा अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## पोर्चुगलको संसदीय निर्वाचनमा सत्तारुढ दल विजयी

लिस्बन, १७ माघ (रासस/सिन्ह्वा)।

पोर्चुगलमा भएको संसदीय निर्वाचनमा सत्तारुढ दल समाजवादी पार्टी नै विजयी भएको छ। प्रधानमन्त्री एन्टोनियो केस्टले नेतृत्व गरेको पार्टीले ९२.६ प्रतिशत मत गणना गर्दासम्म ४२.१ प्रतिशत पाएको निर्वाचन आयोगले जनाएको छ।

अहिलेसम्मको नतिजानुसार अर्को पार्टीले जित्ने सम्भावना नरहेकाले त्यसैको जित सुनिश्चित भएको निर्वाचन आयोगले घोषणा गरेको हो। समाजवादी पार्टीलाई सामाजिक लोकतान्त्रिक पार्टीले पछ्याइरहेको पनि आयोगका अधिकारीले जनाएका छन्।

आयोगले समाजवादी पार्टी नै विजयी हुने सुनिश्चित भएको घोषणा गरेपछि राष्ट्रपति मार्सेलो रेबेलो डे सौसाले नागरिकलाई बधाई दिनुभएको छ। उहाँले भन्नुभएको छ, "यो निर्वाचन हाम्रा लागि विशेष अवसर थियो, हामीले कडा मेहनत गरेर यसलाई सदुपयोग गरेका छौँ, सबैभन्दा सानो उमेरदेखि सबैभन्दा वृद्धसम्मलाई अब अझ राम्रो हुने भएको छ।"

तत्कालीन संसद्ले सरकारको बजेट प्रस्ताव पारित नगरेपछि गत नोभेम्बरमा राष्ट्रपति सौसाले संसद् विघटन गर्दै निर्वाचन घोषणा गर्नुभएको थियो। बजेट पारित गर्न गत अक्टोबर २७ मा संसद्मा मतदान भएको थियो। सत्तारुढ गठबन्धनमा रहेको वामपन्थी दलले सहयोग नगरेपछि बजेट पारित हुन सकेको थिएन। त्यसपछि सन् १९७४ अप्रिल २५ देखि अहिलेसम्म पोर्चुगलको इतिहासमा आठौँ पटक संसद् विघटन गरिएको हो। धेरैले कोभिड-१९ का महामारीबीच सम्पन्न अग्रिम निर्वाचनमा सत्तारुढ दललाई धक्का लाग्ने अनुमान गरे पनि मत परिणाम अनुमानभन्दा फरक आएको छ।

# घर घरमा स्वच्छ खानेपानी पुग्यो



**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

समुदायका लागि सुरक्षित खानेपानी कार्यक्रम अन्तरगत युनिसेफ, कंचनरुप नगरपालिका र समुदायको सहयोगमा पानीटैकी निर्माण गरि घर घरमा स्वच्छ खोनपानी पुऱ्याउन सफल भएको छ ।

जिल्लाको कंचनरुप नगरपालिका जगतपुरका १ सय ७२ घरधुरीलाई लक्षित गरि २०७७ साल फागुन ६ गतेदेखी युनिसेफ, कंचनरुप नगरपालिका र समुदायको सहयोगमा पानीटैंक तथा पाइप जडान कार्य सुरु गरिएको थियो ।

उक्त आयोजनामार्फत ३५ घनमिटर क्षमता भएको पानीटैकी निर्माण भएपछि पाइपलाईनबाट घर घरमा खानेपानी पुगेको हो ।

आयोजनाका लागि युनिसेफले ६० लाख २३ हजार, कंचनरुप नगरपालिकाले १२ लाख ४ हजार र समुदायले ८ लाख ३० हजारको सहयोग गरेको साझेदारी संस्था अरुणोदय जगतपुर खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समितिका टिम लिडर बेदप्रसाद रौनियारले जानकारी दिए ।

उक्त खानेपानी आयोजनाले उक्त वडाका १ सय ७२ घर धुरीका १ हजार २७ हजार लाभान्वित भएको वडा अध्यक्ष रामनारायण प्रसाद साहले बताए ।

युनिसेफका स्वच्छता संयोजक बोधनारायण श्रेष्ठ, रोशन गुप्ता, कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सप्तरीका निमित्त प्रमुख अजयकुमार कर्ण, इन्जिनियर ललितानन्द झा, पत्रकार तथा प्राविधिकसहितको टोलीले उक्त आयोजनाको सोमबार अनुगमन समेत गरेको छ ।

सोही क्रममा युनिसेफले सो वडाका १ सय ७२ विपन्न परिवारलाई स्वच्छता सम्बन्धी सामाग्रिसमेत बितरण गरेको छ । हाल कोरोनाको बढ्दै जोखिमलाई ध्यानमा राख्दै बस्तीका बासिन्दालाई स्वच्छता सम्बन्धी सुरक्षा सामाग्रि मात्र होइन सरसफाई बारे आवश्यक तालिम समेत दिइएको छ ।

कार्यक्रममा १ सय ७२ परिवारलाई बाल्टिन, टुथपेस्ट, ब्रस, काइयो, साबुन, रुमाल, सेनिटाइजर, नेलकटर लगायतका स्वच्छता सामाग्रि युनिसेफका स्वच्छता संयोजक श्रेष्ठद्वारा बितरण गरिएको छ ।

# शिक्षामन्त्री पौडेलले मागे विश्वविद्यालय सुधारका योजना



**दैनिक समाचारदाता**
**काठमाडौं, १७ माघ ।**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विश्वविद्यालय सुधारका योजना मागेका छन् ।

सोमबार मन्त्रालयमा त्रिभुवन विश्वविद्यालयका उपकुलपतिसहितको छलफलमा मन्त्री पौडेलले त्रिभुवन विश्वविद्यालय सुधारका योजना मागेको हो ।

'मन्त्रालयले विश्वविद्यालय सुधारका लागि योजना बनाइरहेको छ,' मन्त्री पौडेलले भने, 'देशका ८० प्रतिशत विद्यार्थी ओगटेको विश्वविद्यालयले नयाँ योजना दिनुपऱ्यो हामी कार्यान्वयनको प्रक्रियामा लैजान्छौं ।'

मन्त्री पौडेलले वार्षिक १ खर्बभन्दा बढि रकम मेडिकल शिक्षाका लागि विदेश गइरहेको बताउँदै काठमाडौं विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयले त्यसलाई रोकेर नेपालमै विद्यार्थीलाई पढ्ने वातावरणको सृजना गर्नुपर्ने बताए ।

'काठमाडौं विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयले मेडिकल कलेज पढ्ने विद्यार्थीको लागि सोच्नुपर्छ,' मन्त्री पौडेलले भने, 'काउन्सीलको परीक्षासहित अध्ययनको व्यवस्था यही गरौं विद्यार्थीले नेपालमै पढ्ने कुरामा हामीले खोलिदिनुपर्छ ।'

मन्त्री पौडेलले कोष र क्वालिटीमा मन्त्रालयले हस्तक्षेप नगर्ने भन्दै विद्यार्थीलाई नेपालमै पढ्ने वातावरणको सृर्जना गरी त्यसका लागि मन्त्रालयले गाठो फुकाउनेमा प्रतिबद्धता व्यक्त गरे ।

विश्वविद्यालयका उपकुलपति धर्मकान्त बास्कोटाले विश्वविद्यालयको भौतिक पूर्वाधार सुधार, प्रविधि मैत्री विश्वविद्यालय, अनुसन्धानलाई प्राथमिकता शैक्षिक पात्रको व्यवस्था र त्यसको कडाइका साथ पालना गर्नुपर्ने विषयमा जानकारी गराऐ ।

उनले परीक्षा प्रणालीमा व्यापक सुधार तथा विकेन्द्रीकरण, बजारमुखी, स्वरोजगारमुलक तथा देशको आवश्यकतानुसारको जनशक्ति उत्पादन, आंगिक तथा सम्बन्धन प्राप्त कलेजहरुको प्रभावकारी नियमन, उच्च शिक्षा तर्फ अन्तर्राष्ट्रियकरण गर्दै लैजाने, सुशासनमा जोडलगायतका १५ सुत्रिय सुधार योजना सुनाए ।

उनले राजनीतिक आडमा विभिन्न संगठनले तालाबन्दी गर्दा विद्यार्थीको पढाई प्रभावित भएको बताए । 'विभिन्न राजनीतिक दलका मान्छेहरुले १४९ दिन तालाबन्दी गरे,' उनले भने,' हामी असुरक्षित छौं, गृहमन्त्रालयलाई सुरक्षाको माग गर्दा विश्वविद्यालयमा प्रहरी पठाउन मिल्दैन भन्नुहुन्छ ।'

४० वर्षअघिका भौतिक संरचना २०७२ सालको भुकम्पले क्षति भएर रातो स्टिकर लगाइसेकपनि त्यही बसेर विद्यार्थीहरुले अध्ययन गरी रहेको सुनाए ।

## थप एक संक्रमितको ...

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार कोरोना संक्रमण भई स्वास्थ्यमा जटिल समस्या देखिएपछि तीन दिनअघि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसोलेशन वाडमा धर्ना भएका ७० वर्षिय यादवको आइतबार राती उपचारकै क्रममा मृत्यु भएको हो ।

यसअघि रुपनी गाउँपालिकाकी ७५ वर्षिया धनमन्ती देवी यादव, सोही गाउँपालिकाकी ६५ वर्षिया चमेलीदेवी साह र विष्णुपुर गाउँपालिकाका ६० वर्षिय रामरतन रामको पनि कोरोनाका कारण मृत्यु भइसकेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यसैबीच जिल्लामा सोमबार थप ११ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा २६ जनाको स्वाव परिक्षण गर्दा ११ जनामा कोरोना संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

योसँगै जिल्लामा सोमबारसम्ममा संक्रिय संक्रमितको संख्या ३ सय ६२ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।



अनुरोधकर्ता : तिरहुत गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

ipay remit · City Express Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer (प्रभुको इच्छा; रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम) · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*